# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो,प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो,प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रुपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो, हेर्न पाउनु उपभोक्ताको अधिकार ।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो, आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य ।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य,परिमाण,शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो, त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य ।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि,नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो, त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- बजारमा कुनै पनि वस्तुको कृतिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं,सोको आधारमा प्रमाण सहित बाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग(https://crmis.doc.gov.npटोलफ्री नं.११३७) वा जिल्ला प्रशासन कार्यालय वा जिल्ला समन्वय समिति,बागलुङ (Email:ddc.baglung@gmail.com फोन नं.०६८-५२०१५२) वा सम्वन्धित स्थानीय तहमा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं ।

**उपभोक्ता हित संरक्षण अभियानमा-**

**मेरो सहकार्य ! तपाईको सहकार्य !! हामी सबैको सहकार्य !!!**

जिल्ला समन्वय समिति
बागलुङ

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौं